**आकाशवाणी समाचार- नेपाली**

मितिः ०४ दिसम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**<u>मुख्य समाचार</u>**

- **रुसका राष्ट्रपति भ्लादिमिर पुटिन दुई दिने भारत भ्रमणमा आज नयाँ दिल्ली आइपुग्नु हुनेछ। उहाँले २३ औं भारत-रूस वार्षिक शिखर सम्मेलनमा भाग लिनु हुनेछ।**

- **पूर्वोत्तर क्षेत्र विकास मन्त्री श्री ज्योतिरादित्य सिंधियाले हिजो नयाँ दिल्लीमा रसद, पूर्वाधार र सञ्चार सम्पर्कसम्बन्धी उच्चस्तरीय कार्यदलको दोस्रो बैठकमा भाग लिनुभयो।**

- **काशी तमिल संगममको पहिलो समूह हनुमान घाट, बनारस हिन्दू विश्वविद्यालय र सारनाथ सहित काशीका विभिन्न महत्त्वपूर्ण स्थलहरूको भ्रमण गरेपछि आज अयोध्या जाँदैछ।**

- **महिला तथा बाल विकास मन्त्रालयले बाल विवाह मुक्त भारतको निम्ति आजदेखि औपचारिक रूपमा १०० दिने सघन जनचेतना अभियान सुरु गर्दैछ।**

- **चितुवा वीरा र उसको दुई दस महिनाका बच्चाहरूलाई आज मध्य प्रदेशको श्योपुर जिल्लाको कुनो राष्ट्रिय दक्षिण पार्कमा सारिनेछ।**

- **दक्षिण अफ्रीकाले हिजो रायपुरमा भएको दोस्रो एकदिवसीय क्रिकेट मैचमा भारतलाई चार विकेटले पराजित गऱ्यो।**

**<u>रुसी राष्ट्रपतिको भ्रमण</u>**

रुसका राष्ट्रपति भ्लादिमिर पुटिन दुई दिने भारत भ्रमणमा आज नयाँ दिल्ली आइपुग्नु हुनेछ। उहाँले २३ औं भारत-रूस वार्षिक शिखर सम्मेलनमा भाग लिनु हुनेछ। उहाँले भोलि प्रधानमन्त्री नरेन्द्र मोदीसँग बातचित गर्नु हुनेछ। दुई नेताहरूले पारस्परिक हितका क्षेत्रीय र विश्वव्यापी मुद्दाहरूमा छलफल गर्नेछन्। श्री पुटिनको भ्रमणको क्रममा दुई देशहरू बीच व्यापार, अर्थव्यवस्था , स्वास्थ्य, शिक्षा, संस्कृति र मिडिया लगायतका धेरै क्षेत्रमा सम्झौताहरूमा हस्ताक्षर हुनेछन्।

राष्ट्रपति द्रौपदी मुर्मुले श्री पुटिनको सम्मानमा भोज आयोजना गर्नु हुनेछ। यो भ्रमणले दुवै देशका शीर्ष नेतृत्वलाई द्विपक्षीय सम्बन्धमा भएको प्रगतिको समीक्षा गर्ने र अद्वितीय रणनीतिक साझेदारीलाई बलियो बनाउने अवसर प्रदान गर्नेछ। प्रधानमन्त्री नरेन्द्र मोदी र राष्ट्रपति पुटिन बीचको वार्षिक शिखर सम्मेलन दुई देशहरू बीचको रणनीतिक साझेदारीको सर्वोच्च संवाद तंत्र हो। हालसम्म भारत र रूसमा पालैपालो २२ शिखर सम्मेलनहरू भइसकेका छन्।

**<u>राजनाथ- रूसी डीएम</u>**

रक्षा मन्त्री श्री राजनाथ सिंह र उहाँका रूसी समकक्षी आन्द्रे बेलौसोभले आज नयाँ दिल्लीमा सैन्य र सैन्य प्राविधिक सहयोग सम्बन्धी २२औँ भारत-रूस अन्तर-सरकारी आयोगको मन्त्रीस्तरीय बैठकको सह-अध्यक्षता गर्नुहुनेछ। रक्षा मन्त्रालयले भनेको छ कि दुई नेताहरूले बैठकमा भारत र रूसबीच बहुआयामिक रक्षा सम्बन्धको सम्पूर्ण पक्षको समीक्षा गर्नेछन्। दुवै नेताले आपसी चासोका समसामयिक, क्षेत्रीय तथा अन्तरराष्ट्रिय मामिलामा विचारको आदानप्रदान गर्नेछन् । भ्रमणका क्रममा बेलौसोभले राष्ट्रिय युद्ध स्मारकमा माल्यार्पण गर्नुहुनेछ र सर्वोच्च बलिदान दिने भारतीय सैनिकहरूलाई श्रद्धाञ्जली अर्पण गर्नुहुनेछ।

**सिंधिया- उच्च-स्तरीय टास्क फोर्स**

पूर्वोत्तर क्षेत्र विकास मन्त्री श्री ज्योतिरादित्य सिंधियाले हिजो नयाँ दिल्लीमा रसद, पूर्वाधार र सञ्चार सम्पर्कसम्बन्धी उच्चस्तरीय कार्यदलको दोस्रो बैठकमा भाग लिनुभयो। त्रिपुराका मुख्यमन्त्री माणिक साहले यसको आयोजना गरेका थिए। बैठकमा सडक, रेलमार्ग, जलमार्ग, ऊर्जा र डिजिटल सञ्जाल सहित यस क्षेत्रमा बहुआयामिक कनेक्टिभिटीको गति बढाउनका साथै पूर्वोत्तर देखि दक्षिण पूर्वी एशियाको लागि रणनीतिक प्रवेशद्वार खोल्ने विषयमा छलफल भएको थियो। उत्तर पूर्वी क्षेत्र विकास मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ, 'टास्क फोर्सले व्यापार कोरिडोरलाई बलियो बनाउने, सीमा पूर्वाधार बढाउने, अन्तिम माइल कनेक्टिभिटीमा सुधार गर्ने र यस क्षेत्रका लागि एकीकृत म्याक्रो-ग्रिड सिर्जना गर्नुपर्नेमा पनि जोड दिएको छ। बैठकको अवधि, श्री सिन्धियाले कार्यदलले गर्नुपर्ने तीन विशिष्ट पहलहरूको पहिचान गर्नुभयो। यी पहलहरूमा क्षेत्रीय मास्टर प्लानको विकास, पूर्वाधार विकास परियोजनाहरूको राज्यवार रूपरेखा, र सार्वजनिक-निजी साझेदारीको लागि उपयुक्त पूर्वाधार परियोजनाहरूको राज्यवार नक्साङ्कन समावेश छ।

यस अवसरमा मुख्यमन्त्री माणिक साहाले सडक, हवाई र जलमार्ग कनेक्टिभिटीमा ग्याप, डिजिटल कनेक्टिभिटी र सीमा व्यापार पूर्वाधारमा ग्यापहरू लगायत यस क्षेत्रले सामना गरिरहेका प्रमुख सञ्चार कनेक्टिभिटी चुनौतीहरूको बारेमा उल्लेख गरे।

संशो.भारत- आईडीईए अध्यक्ष

**मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले अन्तर्राष्ट्रिय लोकतन्त्र तथा निर्वाचन सहायता परिषद्को अध्यक्षपदको पदभार ग्रहण गरेका छन् ।**

भारतलाई वर्ष 2026 को निम्ति संस्थानको अध्यक्ष चयन गरिएको छ। भारत यस संगठनको १४ संस्थापक सदस्य राष्ट्रहरू मध्ये एक हो। श्री ज्ञानेश कुमारले स्टकहोम, स्वीडेनमा अध्यक्षता ग्रहण गर्नुभयो। यस अवसरमा स्वीडेनका लागि भारतीय राजदूत अनुराग भूषण पनि उपस्थित थिए। आफ्नो सम्बोधनमा श्री ज्ञानेश कुमारले भारतको व्यापक लोकतान्त्रिक प्रक्रिया र व्यवस्थापनको उल्लेख गर्नुभयो। भारतका २८ राज्य र ८ केन्द्र शासित प्रदेशमा लगभग ९० करोड मतदाता रहेको उनले बतानुभयो । उहाँले भन्नुभयो, 1947 मा स्वतन्त्रता पछि 18 आम चुनाव र 400 भन्दा बढी राज्य विधानसभाको चुनाव भएको छ। मुख्य निर्वाचन आयुक्तले भन्नुभयो, भारतले विश्वको सबैभन्दा ठूलो लोकतन्त्रको अनुभव मात्र साझा गर्न चाहदैन, तर यसको सभ्यतागत विरासतमा निहित लोकतान्त्रिक मूल्य र सिद्धान्तहरू पनि साझा गर्न चाहन्छ।

अगिलो वर्षको निम्ति भारतको अध्यक्षता निर्वाचन आयोगको विश्वको सर्वोधिक विश्वसनीय र अभिनव चुनाव प्रबंधन संस्थाको रूपमा प्राप्त वैश्विक प्रतिष्ठा र मान्यताको प्रतीक हो। भारतले सन् २०१७ देखि अंतरराष्ट्रीय लोकतंत्र और निर्वाचन सहायता संस्थानको संस्थापक सदस्यको रूपमा सङ्गठनको शासन, लोकतान्त्रिक संवाद र संस्थागत पहलहरूमा निरन्तर योगदान गर्दै आएको छ।

**काशी तमिल संगमम  - अयोध्या**

काशी तमिल संगममको पहिलो समूह हनुमान घाट, बनारस हिन्दू विश्वविद्यालय र सारनाथ सहित काशीका विभिन्न महत्त्वपूर्ण स्थलहरूको भ्रमण गरेपछि आज अयोध्या जाँदैछ। हाम्रा संवाददाताले प्रतिनिधिहरूलाई स्वागत गर्न विस्तृत व्यवस्था गरिएको रिपोर्ट गरेका छन्।

**जयशंकर-ओमान**

विदेश मन्त्री डा. एस जयशंकरले हिजो ओमानीका विदेश मंत्री बद्र अल्बुसैदी सँग वार्ता गर्नुभयो। एक सामाजिक सञ्जाल पोस्टमा डा. जयशंकरले दुई देशबीच द्विपक्षीय सहकार्यलाई अझ बलियो बनाउने विषयमा छलफल भएको बताएका छन्।

**भाजपा कार्तिगयी दीपम**

तमिलनाडु र कर्नाटकको निम्ति भारतीय जनता पार्टीका राष्ट्रीय प्रभारी पुंगुलेति सुधाकर रेड्डीले तिरुप्परनकुंद्रम पहाडीमा परांपरिक कार्तिगई दीपमको अवधि भएको भागदोडको लागि तमिलनाडु सरकारको आलोचना गर्नुभयो। उनले श्रद्धालुमाथि भएको लाठीचार्ज लगायत सम्पूर्ण घटनाको न्यायिक छानबिनको माग गर्नुभयो। श्री रेड्डीले डीएमके सरकारले उच्च अदालतको अनुमति हुँदाहुँदै पनि सदियौं पुरानो हिन्दू परम्परा राख्न प्रतिबन्ध लगाएको आरोप लगाए। निर्दोष श्रद्धालुमाथि पुलिस कारबाही कुनै पनि हालतमा स्वीकार गर्न नसकिने उनले भन्नुभयो।

**बाल विवाह**

महिला तथा बाल विकास मन्त्रालयले बाल विवाह मुक्त भारतको निम्ति आजदेखि औपचारिक रूपमा १०० दिने सघन जनचेतना अभियान सुरु गर्दैछ। कार्यक्रममा महिला तथा बाल विकासमन्त्री अन्नपूर्णा देवी र राज्यमन्त्री सावित्री ठाकुरको उपस्थितिमा विज्ञान भवनमा कार्यक्रम हुनेछ। यो अभियान बाल विवाह मुक्त भारत पहलको एक वर्ष पूरा भएको उपलक्ष्यमा सुरु गरिएको हो। गत वर्ष नोभेम्बर २७ मा बालविवाह मुक्त भारत अभियान सुरु गरिएको थियो। सन् २०२६ को मार्च ८ सम्म चल्ने यस अभियानको उद्देश्य बालविवाह विरुद्धको राष्ट्रव्यापी आन्दोलनलाई सशक्त बनाउन नागरिक, संस्था र सामुदायिक नेताहरुलाई संगठित गर्नु रहेको छ। कार्यक्रममा बालविवाह अन्त्य गर्ने राष्ट्रिय प्रतिज्ञा, देशैभरि भइरहेका परिवर्तनका बारेमा विशेष फिल्म र अग्रपंक्तिमा काम गर्ने स्वास्थ्यकर्मीको अनुभवलाई समेटिनेछ। उक्त कार्यक्रमको आधिकारिक वेबकास्ट प्लेटफर्मबाट प्रत्यक्ष प्रसारण हुनेछ। १०० दिनसम्म चल्ने अभियानलाई तीन चरणमा विभाजन गरिएको छ। पहिलो चरणमा विद्यालय, कलेज र विश्वविद्यालयहरूमा बहस, निबन्ध, संवाद सत्रहरूमा केन्द्रित हुनेछ, दोस्रो चरणमा धार्मिक नेता र प्रभावशाली व्यक्तिहरूलाई एक ठाउँमा ल्याएर बाल अधिकार र संरक्षणसँग सम्बन्धित सन्देशहरू फैलाउनेमा केन्द्रित हुनेछ र तेस्रो चरणमा ग्राम पञ्चायत र नगरपालिका वार्डहरूलाई बालविवाहलाई मुक्त घोषणा गर्न प्रस्ताव पारित गर्न प्रोत्साहित गरिनेछ।

**चीता-कुनो नेशनल पार्क**

दक्षिण अफ्रीकाबाट ल्याईएको चितुवा वीरा र उसको दुई दस महिनाका बच्चाहरूलाई आज मध्य प्रदेशको श्योपुर जिल्लाको कुनो राष्ट्रिय दक्षिण पार्कमा सारिनेछ। अन्तर्राष्ट्रिय चिता दिवसको अवसरमा मुख्यमन्त्री मोहन यादवले आज श्योपुरको खुला जङ्गलमा यी चितुवालाई छोड्ने कार्यक्रम रहेको छ। वीरालाई फेब्रुअरी २०२३ मा दक्षिण अफ्रिकाबाट ११ अन्य चितुवाहरुसँगै ल्याइएको थियो। मुख्यमन्त्रीले आज कुनो राष्ट्रीय उद्यानको वार्षिक कैलेंडर र वन्यजीव प्रबंधन नियमावलीपनि जारी गर्नुहुनेछ। राज्य सरकारबाट जारी वक्तव्यमा भनिएको छ कि मुख्यमंत्रीले उद्यान नवनिर्मित स्मारिका विक्रय केंद्रको उद्घाटनपनि गर्नुहुनेछ। प्रधानमन्त्री नरेन्द्र मोदीको पहलमा तीन वर्षअघि मध्य प्रदेशमा प्रोजेक्ट चीता सुरु गरिएको थियो। परियोजनाको तीन वर्षपछि कुनो र गान्धी सागर अभयारण्यमा चितुवाको संख्या बढेर ३२ पुगेको छ, जसले परियोजनाको सफलतालाई देखाउँछ।

**क्रिकेट**

दक्षिण अफ्रीकाले हिजो रायपुरमा भएको दोस्रो एकदिवसीय क्रिकेट मैचमा भारतलाई चार विकेटले पराजित गर्‍यो। ३५९ रनको लक्ष्य पछयाउँदै दक्षिण अफ्रिकाले चार बल बाँकी रहँदा छ विकेटमा ३६२ रन बनाएर खेल जित्यो। एडेन

मार्क्रमले  सर्वाधिक ११० रन बनाए। अर्शदीप सिंह र प्रसिद्ध कृष्णा दुई-दुई विकेट लिए। भारतले टस जितेर ५० ओभरमा पाँच विकेट गुमाएर ३५८ रन बनाएको थियो।

****** ० ******